का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २६६
❒ ४ मंसिर २०७८, शनिबार
❒ 20 November 2021, Saturday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

# एमसीसीको बढ्दो दबाब

विवादास्पद परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बारे अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लुले प्रमुख राजनीतिक दलका प्रमुखहरुसँग चासो राखेका छन् । संसद् अधिवेशन अन्त्य भएलगत्तै बक्तव्य जारी गरेको एमसीसीका उपाध्यक्ष फातिमा सुमार भदौ तेस्रो साता नेपाल भ्रमणमा आएका थिए ।





*अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुसँग नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा (बायाँबाट पहिलो), नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड (दोस्रो) र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली (तेस्रो) । लुले प्रधानमन्त्रीसँग बिहीबार र प्रचण्ड-ओलीसँग शुक्रबार भेट गरेका थिए ।*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ मंसिर ।

अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले प्रधानमन्त्री शेरबहादुर देउवा सहित शीर्ष राजनीतिक दलका प्रमुखहरुसँग भेटवार्ता गरेका छन् । बिहीबार प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवासँग भेटवार्ता गरेका सहायक विदेशमन्त्री लुले भेटेका थिए । प्रधानमन्त्री निकट नेताहरुले भेटका क्रममा दुई देश बीचको सम्बन्ध, सहकार्य र द्वपक्षीय हितका बारेमा छलफल भएको जनाएका छन् ।

नेपाल भ्रमणका क्रममा काठमाडौं आइपुगेकै दिन लुले प्रधानमन्त्रीले भेटेका हुन् । भोलिपल्ट, शुक्रबार सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता गरे । सत्ता साझेदार दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग लुले अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे प्रश्न गरेका थिए । प्रचण्डका स्वकीय सचिव रमेश मल्लका अनुसार, प्रचण्डले यसबारे सर्वदलीय छलफल हुने जवाफ दिएका थिए । "रोजगार र पूर्वाधारका लागि एमसीसी हामीलाई चाहिएको छ । तर यसमा विवाद देखिएको छ । तर सर्वदलीय छलफल गर्छौं", प्रचण्डको भनाइ थियो । संसद्बाट पारित गरिनुपर्ने प्रावधानमा समस्या रहेकाले त्यसबारे छलफल हुने प्रचण्डको भनाइ थियो ।

लुले नेपालले परियोजना नलिए फिर्ता लैजाने बताएका थिए । एमाले अध्यक्ष ओलीसँग पनि लुले सिंहदरबारस्थित दलको कार्यालयमा भेटवार्ता गरेका छन् । ओलीसँगै संसदीय दलका उपनेता सुवास नेम्वाङ, विष्णु रिमाल र राजन भट्टराई सहभागी थिए ।

सहायक विदेशमन्त्री लुले एमसीसी पारित गराउने वा नगराउने निर्णयमा नेपाल सार्वभौम रहेको बताएका थिए । एमसीसी ऋण नभएर अनुदान भएकाले यसबारे निर्णय लिने अधिकार नेपालकै भएको उनले बताए । "संसारका थोरै मुलुकले मात्रै पाएका छन् । पैसा कुन शीर्षकमा खर्च गर्ने भन्ने निर्णय सम्बन्धित देशले गरेका छन्", उनको भनाइ थियो ।

नेताहरुसँगको कुराबाट आशावादी रहेको पनि उनले बताएका थिए । नेपालमा एमसीसी विवादित परियोजना हो । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको सरकार हुँदा एमसीसीबारे चर्को विरोध भएको थियो । एमसीसी अनुमोदन गराउने वा नगराउने विवादकै बीच नेकपा विभाजन र पछि विघटन भएको थियो ।

अहिलेको गठबन्धन सरकारमा पनि एमसीसीबारे एकमत देखिदैन । मुख्यगरी संसद्बाट एमसीसी अनुमोदन गराउन नहुने पक्षमा नेताहरुमा असन्तुष्टि देखिएको छ । संसदमा पेश भएर पारित हुन नसकेको एमसीसीले वर्षे अधिवेशन अन्त्य भएलगत्तै बक्तव्य सार्वजनिक गरेको थियो । एमसीसीबारे निर्णय लिने अधिकार नेपालकै भएको भन्दै बक्तव्य जारी भएको थियो ।

त्यसअघि २४ भदौमा एमसीसीका फातिमा सुमार र नायब उपाध्यक्ष जोनाथन ब्रुक्स चारदिने नेपाल भ्रमणमा आएका थिए । उक्त भ्रमणका क्रममा पनि प्रधानमन्त्री सहित प्रमुख बाँकी पृष्ठ २ मा

# प्रधानन्यायाधीशको अर्को आह्वान



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ३ मंसिर ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले आन्दोलनरत नेपाल बार एशोसिएशनलाई वार्ताका लागि आह्वान गरेका छन् । प्रधानन्यायाधीश जबराले बारका अध्यक्ष चोलेन्द्र शमशेर जबराले पत्र पठाएर वार्ताको आह्वान गरेका थिए । बार सल्लाहकार समितिको बैठकमा बारका अध्यक्ष श्रेष्ठले पत्र प्राप्त भएको जानकारी दिएका थिए ।

> पदबाट राजीनामा दिन नेपाल बार एशोसिएशनले अल्टिमेटम दिएको भोलिपल्टै प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले वार्ताका लागि आह्वान गरेका छन् । यसअघि कात्तिक २८ गते पनि प्रधानन्यायाधीश जबराले बारलाई वार्ताको आह्वान गरेका थिए ।

प्रधानन्यायधीश जबराले पठाएको पत्र पढ्दै श्रेष्ठले सुनाएका थिए । प्रधानन्यायाधीश जबराले छलफल र सम्वादबाट अहिलेको समस्या हल गर्न तयार रहेको प्रस्ताव गरेका छन् । त्यसका लागि जुनसुकै बेला वार्तामा बस्न तयार हुने प्रधानन्यायाधीश जबराले पत्रमा उल्लेख गरेका छन् । पत्रमा न्यायपालिका सुधार र सुदृढीकरणका लागि जस्तोसुकै सहयोग गर्न तयार भएको प्रधानन्यायाधीश जबराले उल्लेख गरेका छन् ।

यसअघि २८ कात्तिकमा पनि प्रधानन्यायाधीश जबराले बारसँग वार्ताको प्रस्ताव गरेका थिए । तर सार्वजनिक बक्तव्य जारी गरेर प्रधानन्यायाधीश जबराले वार्ताको प्रस्ताव गरेका थिए । बारका पदाधिकारीले पनि सार्वजनिक बक्तव्य मार्फत् नै वार्तामा नबस्ने अडान लिएको थियो ।

वार्तामा बस्न तयार नदेखिएको बारले प्रधानन्याधीश जबराको राजीनामा एकमात्र विकल्प भएको अडान लिइरहेको छ । शुक्रबार पनि सर्वोच्च बाँकी पृष्ठ २ मा

# माधव नेपाल बाहेकलाई निम्तो

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ मंसिर ।

प्रमुख विपक्षी दल नेकपा एमालेले चितवनमा हुने १०औं राष्ट्रिय महाधिवेशनका लागि निमन्त्रणापत्र बाँड्न थालेको छ । शुक्रबार नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवालाई निमन्त्रणा दिइएको छ । एमाले नेताहरु सुवास नेम्वाङ र राजन भट्टराईले प्रधानमन्त्री देउवालाई निमन्त्रणापत्र बुझाएका हुन् ।

एमालेले महाधिवेशनमा प्रमुख राजनीतिक दलहरुलाई निमन्त्रणा



*नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवालाई निमन्त्रणपत्र दिदै एमाले नेताहरु । तस्वीर: रोशन सापकोटा*

दिदैछ । विभिन्न देशका राजनीतिक शक्तिहरुलाई समेत बोलाउन लागेको महाधिवेशनमा नेकपा एकीकृत समाजवादीलाई भने नबोलाउने भएको छ । नेकपा एमालेबाटै अलग भएर बनेको एकीकृत समाजवादीलाई नबोलाउने भएको हो ।

गएको २ भदौमा माधवकुमार नेपालको नेतृत्वमा एकीकृत समाजवादी बनेको हो । एकीकृत समाजवादीमा एमालेकै संस्थापक नेताहरु समेत छन् । पूर्वप्रधानमन्त्रीहरु नेपाल र झलनाथ खनालले लामो समय एमालेको नेतृत्व गरेका थिए । नेपाल, खनाल सहित एमालेका संस्थापक नेताहरु संलग्न एकीकृत समाजवादीलाई निमन्त्रणा नगर्ने भएको हो ।

असोज दोस्रो साता विधान महाधिवेशन गरेको एमालेले यो महाधिवेशनलाई नेतृत्व चयनमा केन्द्रीत गर्दैछ । तर नेतृत्व चयनको शुभकामनामा एकीकृत समाजवादीलाई नबोलाउने भएको हो । पाँच लाख जनशक्ति प्रदर्शन गर्ने तयारी गरेको एमालेले महाधिवेशन आयोजक जिल्लामा भने हरेक घरमा पत्र पठाएको छ । बाँकी पृष्ठ २ मा

# अवैतनिक श्रम सहचारीसहित मन्त्रालय व्यापक सुधारको गृहकार्यमा : मन्त्री श्रेष्ठ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ ९किसान०ले वैदेशिक रोजगारीका क्रममा रहेको ठगी नियन्त्रणमा मन्त्रालय कठोर बन्ने बताएका छन् । वैदेशिक रोजगार बोर्डको सहयोगमा वैदेशिक रोजगार पत्रकार समाजले शुक्रबार राजधानीमा आयोजना गरेको 'वैदेशिक रोजगारको वर्तमान अवस्था र सुधारका प्रतिबद्धता' विषयक अन्तरक्रियामा मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीका लागि जाने विपन्न अवस्थाका कामदारमाथि शोषण भइरहेको गुनासा व्यापक रूपमा आइरहेको भन्दै त्यसमा मन्त्रालय कठोर हुने बताए । उनले भने, 'वैदेशिक रोजगार क्षेत्रलाई बेथिति मुक्त बनाउन भएका कानूनलाई कडाइका साथ कार्यान्वयन गरेर मर्यादित व्यवस्थित, पारदर्शी बनाइने छ ।'

करिब डेढ महिनाअघि श्रममन्त्री बनेका श्रेष्ठले



**वैदेशिक रोजगार विशेष**

त्यसयता सुधारका लागि सबै पक्षसँग छलफलमा रहेको र कठोर निर्णयमा जानुपरे पनि पछि नहट्ने बताए । उनले भने, 'वैदेशिक रोजगारीमा जाने कुनै पनि श्रमिक ठगिनु हुँदैन भन्नेमा म दृढ छु, पीडितलाई न्याय दिलाउन मन्त्रालय र वैदेशिक रोजगार विभाग कटिबद्ध छन् । ठगीमा परेका श्रमिकको कुरा नसुनी मैले कुनै पनि मुद्दाको पुनरावलोकन गर्ने छैन ।'


मन्त्रालयले ६ वर्ष अगाडि गरेको फ्रि भिसा फ्रि टिकटको निर्णय सुन्दा लोकप्रिय र नारामा आकर्षक भएपनि व्यावहारिक कार्यान्वयनमा समस्या देखिएको भन्दै मन्त्री श्रेष्ठले त्यसमा परिमार्जनका लागि आफुले छलफल गरिरहेको तर निष्कर्षमा पुग्न बाँकी रहेको जानकारी दिए ।

उनले भने, 'उक्त व्यवस्थाबाट वैदेशिक रोजगारीमा जाने कामदार, सरकार र वैदेशिक रोजगार व्यवसायी कसैलाई पनि हित गर्न सक्ने देखिएन, त्यसैले त्यसको परिमार्जन आवश्यक छ, तर गम्भीर छलफलपछि त्यो निर्णय गर्नुपर्नेछ, निर्णय गरेर फेरि ब्याक हुन नपरोस् ।'

त्यसैगरी मन्त्री श्रेष्ठले नेपाली कामदार जाने सबै देशमा नेपाली कुटनैतिक नियोग नहुँदा नेपाल आउने मागपत्र प्रमाणीकरणमा बाँकी पृष्ठ २ मा

# कोभिडले अभिभावक गुमाएका बालबालिकाको व्यवस्थापन गरिने

**काठमाडौं/मस**-राष्ट्रिय बालअधिकार परिषद्ले कोभिडका कारण अभिभावक बिहिन भएका १ सय ६९ बालबालिकाको व्यवस्थापन शुरु गरेको छ । अन्तरराष्ट्रिय बाल दिवसको अवसरमा शुक्रबार आयोजित नेपालमा बाल अधिकार स्थिति प्रतिबेदन सार्वजनिकरण कार्यक्रममा परिषद्का कार्यकारी निर्देशक मिलनराज धरेलले सबै पालिकामा स्वयमसेवी समूह परिचालन गरी कोभिडका कारण अभिभावक गुमाएका बालबालिकाको तथ्यांक सङ्लन गरिएको बताए ।



यी बालबालिकाको राज्यले अभिभाकत्व ग्रहण गर्ने नीतिअनुसार खोजी गरिएको उनले बताए । वर्षौं पहिले हराएका कतिपय बालबाबालिका विदेशसमेतमा भेटिएको उनले बताए । उनले भने, 'बाल हेल्पलाइन सेवा र बालबालिका खोजतलास सेवाको विस्तार तथा सुदृढीकरण गरी राष्ट्रिय बाल संरक्षण प्रणाली मजबुत बनाउन जरुरी छ ।' एकात्मक राज्य व्यवस्था हुँदा जिल्ला विकास समिति र गाउँ विकास समितिले वार्षिक बजेटको १० प्रतिशत छुट्टाउनुपर्ने व्यवस्था गरिएको भए पनि अहिले तीन तहको सरकार हुँदा त्यो हटेको कार्यकारी अधिकृत धरेलले बताए । कतिपय पालिकाले बालबालिकाको क्षेत्रमा उचित बजेट व्यवस्थापन गरे पनि कतिपयले नगरेको उनले बताए । बालबालिकासम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्थाअनुसार स्थानीय बाल अधिकार समिति गठन आवश्यक भएको उहाँले बताए । उनले भने, 'स्थानीय तहमा बाल कल्याण अधिकारीको नियुक्ति गरेर बालकोषको स्थापना गर्नुपर्छ ।'

मन्त्रालयका उपसचिव शान्तिराज प्रसाइँले स्थानीय तहमा बाल मनोबिज्ञ राख्ने विषयमा मन्त्रालयमा छलफल भइरहेको बताए । अहिले स्थानीय तहमा कर्मचारी नियुक्ति गर्न समस्या रहेको उनको भनाइ छ ।

# नियमविपरीत शुल्क नलिन सामुदायिक विद्यालयलाई परमादेश

**कर्णाली/मस**-उच्च अदालत सुर्खेतले सामुदायिक विद्यालयले लिने गरेको नियमविपरीत शुल्कमा रोक लगाएको छ । उच्च अदालतका कायममुकायम मुख्य न्यायाधीश शेषराज शिवाकोटी र न्यायाधीश राजेश्वर तिवारीको इजलासले नियमविपरीत लिने गरिएका शुल्कलाई आगामी शैक्षिक सत्रदेखि नलिन विपक्षीका नाममा परमादेश जारी गरेको हो ।




सरकारी अनुदानमा सञ्चालित विद्यालयले विद्यार्थीबाट विभिन्न बहानामा शुल्क लिने कार्य नेपालको संविधानको धारा ३१ द्वारा प्रदत्त मौलिक हकको विपरीत भएकाले रोक्न माग गर्दै दायर भएको रिटमाथि सुनुवाइ गर्दै अदालतले भनेको छ, 'हालसम्म जे-जुनरूपमा शुल्क लिने गरिएता पनि आगामी शैक्षिक सत्रदेखि कानुनविपरीत कुनै पनि शुल्क नलिनू ।'

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-६ स्थित जननमूना माध्यमिक विद्यालयले विद्यार्थीबाट विभिन्न शीर्षकमा शुल्क लिने गरेको गुनासो बढेपछि अधिवक्ता खगेन्द्र खनालले यही साउन १० गते उच्च अदालतमा रिट दायर गर्नुभएको थियो । उक्त रिट निवेदनमा विद्यार्थी भर्नाका समयमा बैंक खातामा पैसा जम्मा गर्न लगाउने र उक्त भौचर लिएपछि मात्र भर्ना गर्ने कार्यले निःशुल्क शिक्षासम्बन्धी हकको हनन भई संविधानको भावनाविपरीतको कार्य भएकाले रोक्न माग गरिएको थियो ।

निवेदनमा कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ सुर्खेत, वीरेन्द्रनगर नगरपालिका, जननमूना माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक र शिक्षक अभिभावक संघ अध्यक्षलाई विपक्षी बनाइएको थियो । निवेदकका तर्फबाट अधिवक्ता शेरबहादुर खत्री र निवेदक अधिवक्ता खगेन्द्रबहादुर खनालले बहस गरेका थिए ।

# चिसोले जनजीवन कष्टकर



**मार्तडी/मस**-बाजुरामा दैनिक रुपमा चिसो बढ्दै गएको छ । चिसो बढ्न थालेपछि यहाँको जनजीवन कष्टकर बन्दै गएको छ ।

चिसो बढेपछि बालकदेखि वृद्धसम्म बिहान बेलुकी घरबाहिर निस्कनसमेत गाह्रो हुने गरेको छ । हिमाली क्षेत्रमा चिसो बढेपछि विद्यालयको पढाइ प्रभावित बन्न थालेको छ । चिसो बढेसँगै विद्यालयको चौरमा विद्यार्थीलाई आगो बालेर पढाइ सञ्चालन गर्न थालिएको छ ।

बाजुराको बडीमालिका नगरपालिका-९ ढम्कनेमा रहेको सरस्वती आधारभूत विद्यालय चिसो बढेपछि विद्यार्थीलाई आगो बालेर पढाइ सञ्चालन गर्ने गरेको विद्यालयका प्रधानाध्यापक हस्तबहादुर धामीले बताए । उनका अनुसार विद्यालयमा १६० जनाभन्दा बढी विद्यार्थी अध्ययन गर्दै आइरहेको बताए । तीमध्ये १५० विपन्न विद्यार्थी पढ्ने गरेका छन् । उनीहरु जुत्ता, कपडा किन्न सक्दैनन्, हिउँ झैं तुसारो पर्छ, चिसोले पठनपाठनमा समस्या भएपछि आगो बालेर पढाइ शुरु भइरहेको वडा नं ७ का वडाध्यक्ष धर्मराज पाध्यायले बताए ।

चिसोले बालबालिकामा रुघा, ज्वरो आउने, विद्यार्थीका हात फुट्ने, गाला चर्किने समस्या देखिने गरेकाले विद्यार्थीको नियमित पढाइ हुन नसकेको धामीले राससलाई बताउनुभयो । विद्यालयमा मङ्सिरको पहिलो साताति हिउँ पर्ने सुरु हुन्छ, अहिले चिसो बढ्न थालेको छ । दसैंतिहारपछि विद्यालय सञ्चालन भएको र त्रैमासिक परीक्षा पनि आउन थालेकाले चिसो बढेको भए पनि पढाउनुपर्ने बाध्यता छ । त्यसैले विद्यालयको चौरमा आगो बालेर विद्यार्थीलाई अध्ययन गराउने गरेको प्रअ धामीको भनाइ छ ।

विद्यालयमा आर्थिक अवस्था कमजोर भएका विद्यार्थी राम्रोसँग लुगासमेत नलगाएर खाली खुट्टा आउने गरेका छन् । उनीहरुलाई चिसो छल्न न टोपी हुन्छ, न ज्याकेट ! चिसोमा पढाउने कार्य उनीहरुका लागि निकै कष्टकर हुने गरेको विद्यालयले जनाएको छ । उक्त विद्यालयमा अधिकांश जनजातिका बालबालिका पढ्न आउँछन् । केही बालबालिका विद्यालयको पढाइ छोडेर चिसो छल्नका लागि आमाबुबासँग बेँसीतिर झरिसकेका छन् ।

वडाको पहलमा भवन शौचालय बन्ने भए पनि भवनभित्र पनि चिसो हुने गरेकाले जाडोको समयमा विद्यार्थी र शिक्षकलाई समस्या हुने गरेको विद्यालयका प्रअ धामीले बताउनुभयो । चिसोबाट बच्नका लागि फ्लर सेटिङ, पिफम, कार्पेट र वालमा बाल पेपर तथा एसिडिसी भएको भए पढाइ प्रभावित नहुने शिक्षकहरूले बताएका छन् ।

चिसो छल्नलाई विद्यार्थीका लागि टोपी, मोजा, ज्याकेट स्वेटर जस्ता न्यानो लुगाहरूको आवश्यक रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर धामीले बताए । विद्यालयमा हिउँ परेका बेलामा हिउँमै पढाइ हुने गरेको छ ।

शिक्षा समन्वय एकाइ बाजुराका अनुसार बाजुरामा २७१ विद्यालयमध्ये एक सय विद्यालय हिमाली क्षेत्रमा पर्छन् ।

# २९ महिनामा पनि शुरु भएन पुल निर्माण



**म्याग्दी/मस**-मालिका र धवलागिरि गाउँपालिकाको सिमाना भएर बग्ने दाङखोलामा पक्की पुल बनाउन ठेक्का सम्झौता भएको २९ महिनासम्म पनि काम शुरु भएको छैन ।

मालिका गाउँपालिकाको केन्द्र दरबाङ बजारबाट धवलागिरि गाउँपालिकाको धारापानी-ताकम हुँदै मुना जोड्ने सडकअन्तर्गत फेदीस्थित दाङखोलामा मोटरेबल पुल बनाउन विसं २०७६ जेठ २२ गते ठेक्का सम्झौता गरिएको थियो । मालिका-५ र धवलागिरि-७ को सिमानामा पर्ने फेदीमा १८ मिटर लामो पुल बनाउन पूर्वाधार विकास कार्यालय म्याग्दी र इन्द्रेणी-फेवा जेभी पोखराबीच रु एक करोड ९३ लाखमा ठेक्का सम्झौता भएको थियो ।

विसं २०७८ जेठ ८ गते सम्झौताको म्याद सकिए पनि पुल निर्माण सुरु नै नभएको धवलागिरिका उपाध्यक्ष रेशम छन्त्यालले बताए ।

फेदीमा गाउँपालिकाले अस्थायी मोटेरबल पुल बनाएर यातायात सञ्चालनको व्यवस्था मिलाएको छ । विसं २०७७ र ७८ को बर्खामा दाङखोलामा आएको बाढीले पुल पुरिएको थियो । पहिरो र बाढी पन्छाएर पुल सञ्चालनमा ल्याइएको छ । फेदीको दाङखोलामा मोटरेबल पुल नहुँदा धवलागिरि गाउँपालिकाको गुर्जा, लुलाङ, मुना, मुदी, ताकमका बासिन्दालाई आवतजावत गर्न समस्या भएको छ । पच्चीस मेगावाट क्षमताको दरबाङ म्याग्दीखोला जलविद्युत् आयोजनाको बाँधको डुबान क्षेत्रमा पुल निर्माणस्थल पर्ने भएपछि सम्झौतालगत्तै काम गर्न गएका निर्माण व्यवसायी फर्किएका थिए ।

जलविद्युत् आयोजनाको बाँध स्थानानान्तरण भएपछि पुल निर्माण सुरु गर्ने तयारी गरेको अवस्थामा विसं २०७७ असारमा आएको बाढीले निर्माणस्थललाई क्षतविक्षत बनाएपछि पुनः सर्वेक्षण गरिएको थियो । पूर्वाधार विकास कार्यालयका प्रमुख सन्तोष अर्यालले डिजाइन परिवर्तन गरेर पहिलेकै निर्माण व्यवसायीमार्फत पुल निर्माण गराउन लागिएको बताए । यो योजनाको सम्झौताको म्याद आगामी चैतसम्म थपिएको छ ।

# बहुलाहा कुकुरले दुई दिनमा अठार जनालाई टोक्यो

**कञ्चनपुर/मस**-कञ्चनपुर शुक्लाफाँटा नगरपालिका-४ र ११ का १८ बासिन्दालाई बहुलाहा कुकुरले टोकेर घाइते बनाएको छ । बुधबार र बिहीबार गरी दुई दिनको अवधिमै उनीहरुलाई घाइते बनाएको हो । वडा नं ४ का १२ र ११ का ६ जनालाई कुकुरले टोकेको छ । इलाका प्रहरी कार्यालय झलारीका प्रहरी निरीक्षक कर्णबहादुर बोहराका अनुसार घाइते सबैको महाकाली प्रादेशिक अस्पताल महेन्द्रनगरमा उपचार भइरहेको छ । कुकुरले २१ पशुचौपायालाई समेत टोकेको छ । स्थानीय बासिन्दाका अनुसार तीन बङ्गुर, दुई बाख्रा, एक पाडी, सात कुकुर तथा सात गोरुलाई समेत कुकुरले टोकेको छ ।

घाइते हुनेमा वडा नं ४ का ६० वर्षीय हरिसिंह राना, १० वर्षीया बालिका रोशनी राना, १८ वर्षीया रविना राना, १५ वर्षीय आकाश राना र २३ वर्षीय रविशना राना छन् । यसैगरी, ७ वर्षीय जेन राना, २९ वर्षीया ममता राना, १२ वर्षीय सुशील राना, ८ वर्षीय सुशान्त राना, ३० वर्षीय वीरेन्द्री राना, ९ वर्षीया लक्ष्मी राना र ६ वर्षीय जेनिस राना छन् । घाइते भएकाहरुलाई एम्बुलेन्समा राखेर उपचारका लागि अस्पताल पु¥याएको पीपलाडी स्वास्थ्य चौकीका एम्बुलेन्स चालक गौरे लुहारले जानकारी दिए ।


## साउदी अरबमा वैदेशिक रोजगारको अवसर

२. कम्पनी : FARHA INTERNATIONAL SERVICES BRANCH CO. LTD — शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७७/१२/३० — चलानी नं.: ६०१५७७८९ — LT. No.: 238980 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५६,८६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ मंसिर ११ गते (27 Nov. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत पत्र नं. २०९/०५७/०५८

**मादी ओभरसिज सर्भिसेस प्रा. लि.**

पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ०१-५१८११३८, ५१८००३९

फ्याक्स: ५०११७४०, Email: madi5125@gmail.com | Website: www.madioverseas.com

## UAE को SEMI GOVT. कम्पनीमा DPS र PSBD Security Guard हरूको लागि रोजगारको अवसर

कम्पनी: ETISALAT FACILITIES MANAGEMENT LLC — पूर्व स्वीकृत मितिः २०७८/०६/०१ — L.T. No.: 246092

चलानी नं.: ६०१६३३०२ — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard(SIRA) | 200 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Gauards (PSBD) | 200 | 0 | | 2000 | ६४,५२० | | | | | | | |

अन्तर्वाता मेनपावर कार्यालय, सामाखुशी, रानीबारी चोक काठमाडौंमा, मितिः २०७८ मंसिर ११ गते (27 Nov. 2021)मा हुनेछ ।

PSBD को हकमा Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।

DPS को हकमा Basic Salary AED 1200 र Other Allowance AED 720 सहित AED 1920 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।

★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई DPS को हकमा ५ फिट ५ ईन्च र PSBD को हकमा ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।

★ Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १३२४/०७४/०७५

**STARIS HR SERVICES PVT. LTD.**

Samakhusi-26, Kathmandu, Tel.: 01-4381145, 4365203

Contact No: 9841669779, 9851320076, 9851176848, 9851172289, 9801458705, 9818414783, 9801139394, 9855019595, 9858022551, 9827163906


### एमसीसीको...

राजनीतिक दलका प्रमुखहरुसँग सुमार टोलीले भेटवार्ता गरेका थिए । २३ भदौबाट बर्षे अधिवेशन शुरु हुँदा भोलिपल्टै सुमारको टोली नेपाल भ्रमणमा आएको थियो ।

एमसीसी टोली नेपाल आउनु, संसद् अधिवेशन अन्त्य हुनासाथ बक्तव्य जारी हुनु र अमेरिकी सहायक विदेश मन्त्रीको भ्रमणले एमसीसी अनुमोदनप्रति राजनीतिक नेतृत्व दबावमा परेको देखिन्छ । नागरिक तहमा एमसीसीको विरोध देखिनु र अर्कातिर एमसीसीको पक्षबाट दबाव आउँदा राजनीतिक नेतृत्व अप्ठ्यारोमा देखिन्छ । स्रोतका अनुसार, नेताहरुले सकारात्मक संकेत देखिएकाले नै एमसीसीको चासो र गतिविधि बढेर गएको छ ।

### प्रधानन्यायाधीशको...

अदालत परिसरमा कानून व्यवसायीहरुले प्रधानन्यायाधीश जबरा विरुद्ध चर्को नारा लगाएका थिए । १४ कात्तिक देखि लगातार आन्दोलन गरिरहेका कानून व्यावसायीहरुले शुक्रबार प्रधानन्याधीश जबराको राजीनामा एकमात्र विकल्प भएको नारा लगाएका थिए ।

'चोलेन्द्रलाई प्रधानन्यायाधीश नमान्ने' नारा चर्काएका थिए । 'हामी अरू जान्दैनौं, चोलेन्द्रलाई मान्दैनौं' को नारा लगाएका थिए । कतिसम्म भने सर्वोच्चको झ्याल खोल्न कर्मचारीलाई आग्रह गर्दै चर्को नारा लगाएका थिए । राजीनामा नदिने जबराको अडान विरुद्ध कानून व्यावसायीहरुले आन्दोलन सशक्त बनाउँदै लगेको छ । एक सातादेखि प्रधानन्यायाधीश जबरालाई कानून ब्यावसायीहरुले सर्वोच्च परिसर प्रवेशमा रोक लगाउँदै आएका छन् । मूल गेटको अवरोधका कारण प्रधानन्यायाधीश जबरा वैकल्पिक बाटो भएर अदालत प्रवेश गर्दै आएका छन् ।

बिहीबार बारको आन्दोलन चर्किने क्रममा कानून व्यवसायी र प्रहरी बीच झडप भएको थियो । झडपका क्रममा केही कानून व्यावसायी घाइते भएका थिए । प्रधानन्यायाधीश जबराले न्यायालयलाई कार्यकारीसँग भागबण्डामा सौदाबाजी गरेको भन्दै कानून व्यावसायीहरु आन्दोलित छन् । बारको आन्दोलन मात्रै नभएर प्रधानन्यायाधीश जबरालाई सर्वोच्चकै न्यायाधीशहरुले समेत साथ दिएका छैनन् । गएको ८ कात्तिक देखि सर्वोच्चका न्यायाधीशहरुले इजलास बहिष्कार गर्दै आएका छन् ।

### अवैतनिक...

झन्झट देखिएकाले दूतावास नभएको देशमा अवैतानिक श्रमदूत पठाउने गृहकार्यमा मन्त्रालय लागेको बताउँदै यस विषयमा प्रधानमन्त्री शेरबहादुर देउवासँग पनि छलफल भैरहेको जानकारी दिए ।

श्रममन्त्री श्रेष्ठले वैदेशिक रोजगारीमा सीपयुक्त जनशक्ति पठाउने विषयमा आफुले खाडी मुलुकका केही राजदूतहरूसँग छलफल गरिरहेको बताए । वैदेशिक रोजगारबाट फर्केका युवा युवतीको सीप परीक्षण गरी उनीहरूको रोजगारीसहित समाजमा पुनः एकीकरण गरिने भन्दै मन्त्री श्रेष्ठले त्यस सम्बन्धी निर्देशिका छिट्टै स्वीकृत हुने पनि बताए ।

मन्त्रालयका सचिव सूर्यप्रसाद गौतमले पनि फ्रि भिसा फ्रि टिकटको निर्णयले व्यवहारमा कसैको हित नगरेको भन्दै त्यसमा परिमार्जन आवश्यक रहेको र आफुले संसदीय समिति लगायतका निकायमा त्यसको अपरिहार्यता बारे ध्यानाकर्षण गरेको बताए ।

उनले भने, 'वैदेशिक रोजगारीका लागि तोकिएको सेवा शुल्क तोकिएको छ, तर अर्कोतिर लागतको नाम ठूलो रकमको कारोबार हुने गरेको छ । त्यसबाट सरकार र कामदार दुवै पक्ष ठगिएकाले सेवा शुल्कका बारेमा पुनर्विचार हुनुपर्ने छ, म्यानपावर कम्पनीलाई कामदारले पाउने एक महिनाको पारिश्रमिक बराबरको रकम सेवा शुल्क तोक्ने विषयलाई अगाडि बढाउन मन्त्रालयले तयारी गरेको छ । एक महिनाको सेवा शुल्क पाउने भएपछि सीप भएको कामदार रकमकै अभावमा वैदेशिक रोजगार नजाने अवस्था रहँदैन, म्यानपावर कम्पनीले पछि सेवा शुल्क लिने गरी उधारोमा पठाउन पनि सक्छन् ।'

सीपयुक्त जनशक्ति मात्र वैदेशिक रोजगारीमा पठाउने, विप्रेषणलाई वैधानिक तवरबाट भित्र्याउन सरकारले तयारी गरिरहेको जानकारी दिँदै सचिव गौतमले श्रम गन्तव्य मुलुक संगको श्रम सम्झौतालाई पारदशी बनाउन सरकार लागेको र श्रम सम्झौतालाई कामदार मैत्री बनाउने दाबी समेत गरे ।

समाजका अध्यक्ष उद्धव भट्टराईको सभापतित्वमा भएको कार्यक्रममा वैदेशिक रोजगार क्षेत्रका अनुसन्धानकर्ता रामेश्वर नेपाल, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष अशोक राना, पौरखी नेपाल संस्थाका मञ्जु गुरुङ लगायतले वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन यसअघि भएका अध्ययन प्रतिवेदनहरू र कानून कार्यान्वयनसहित घरेलु कामदारको श्रम स्वीकृति खुला गर्न माग गरे । पौरखी नेपालकी गुरूङले भनिन्, 'महिलामाथिको प्रतिबन्ध तत्काल खुला गर्नुपर्ने अवस्था छ, वैधानिकरुपमा वैदेशिक रोजगारीमा जान प्रतिबन्ध लगाउँदा महिला अवैध बाटोबाट विदेशिन बाध्य भएका छन् । त्यसले जोखिम बढाएको छ ।' कार्यक्रममा समाजका सल्लाहकार पत्रकार रूद्र खड्काले कार्यपत्र प्रस्तुत गरेका थिए ।

### माधव...

महाधिवेशन केन्द्रीत गतिविधिलाई तीव्र बनाएको एमालेले प्रचारलाई पनि आक्रामक बनाएको छ । महाधिवेशन मूल व्यवस्थापन समिति अन्तर्गत गरेको प्रचार समितिले 'नवयुग' पत्रिकाको दैनिक ई-बुलेटिन प्रकाशन शुरु गरेको छ । 'नवयुग' एमालेको आधिकारिक मुखपत्र हो ।

विशेष बुलेटिनमा पार्टीका शीर्षनेताका अन्तर्वार्ता, लेख, विचार, महाधिवेशनसँग सम्बन्धित गतिविधि प्रकाशन गर्ने प्रचार विभाग प्रमुख योगेश भट्टराईले बताए । महाधिवेशन अवधिभर हरेक दिन साँझ प्रकाशन हुने विभाग उपप्रमुख सूर्य थापाले बताए ।

एमालेले पार्टीको आधिकारिक फेसबुकबाट दैनिक शीर्षनेताको प्रत्यक्ष भिडियो अन्तर्वार्ता पनि आरम्भ गरेको छ भने विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्व र कलाकारबाट महाधिवेशनलाई प्राप्त भिडियो सन्देशको प्रसारण गर्दै आएको छ ।


# ६ करोड मात्रा खोप आउँदै

**भक्तपुर/मस–**नेपालमा थप ६ करोड मात्र खोप आउँदैछ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडाले अब देशका कुनै पनि नागरिकले कोभिड-१९ विरुद्ध खोपबाट वञ्चित हुन नपर्ने गरी खोप ल्याउन लागेको बताए ।

शुक्रबार मध्यपुरथिमिको बोडेमा शुरु भएको राष्ट्रिय स्वास्थ्यकर्मी संघ नेपालको दुईदिने राष्ट्रिय भेलामा उनले सरकारले ६ करोड खोपको सुनिश्चितता गरेको बताए । उनले भने, 'करिब एक करोड डोज खोप जनतालाई लगाइसकेका छौं, विश्वस्वास्थ्य संगठनबाट सहयोगमा आउने २० प्रतिशत खोपबाहेक अरु खोप ल्याउन सरकारले केही सम्झौता गरिसकेको छ, केही सम्झौताको चरणमा छ, जनताका लागि छ करोड खोप सुनिश्चित गरिसकेका छौं, अब खोपको अभाव हुँदैन ।' १२ वर्षदेखि १८ वर्षका नागरिकका लागि एक करोड खोप सम्झौता भइसकेको पनि उनले बताए ।

अमेरिकामा पाँच वर्षसम्मका बालबालिकालाई खोप लगाएको र भारत तथा चीन पनि त्यस्ता खोपको परीक्षण भइरहेकाले त्यो सफल हुनेबित्तिकै १२ वर्षभन्दा तल पाँच वर्षसम्मका बालबालिकाका लागि पनि खोप ल्याउने



उनको भनाइ छ ।

दुई डोज खोप दिएर नपुग्ने भन्दै तेस्रो डोज खोज बुस्टर लगाउनुपर्ने चर्चा चलिरहेकाले त्यसबारेमा पनि सरकारले छलफल चलाएको र आवश्यकता परे तेस्रो डोज दिनका लागि बुस्टर खोप पनि ल्याइने उनले बताए ।

अहिले केन्द्र र स्थानीय सरकार भए पुग्छ, प्रदेश सरकार चाहिँदैन भनेर बहस चलेको बताउँदै मन्त्री खतिवडाले भने,' प्रदेश चाहिँदैन भनेर निर्णयमा पुग्ने बेला आइसकेको छैन, अहिले यो प्रयोगात्मक परीक्षणमै छ, अझै कार्यकाल प्रयोगात्मक अवस्थामा प्रदेश सञ्चालन भएपछि मात्रै त्यस बहसका बारेमा छलफल गर्ने बेला आउँछ ।' स्वास्थ्य बीमा भुक्तानीको व्यवस्थापनमा आएको चुनौतीलाई पन्छाउँदै सरकारले बीमाको बाँकी भुक्तानी छिटै गर्ने बताउँदै उनले प्रत्येक नागरिकलाई अहिले तिरेको तीन हजार ५ सय रुपैयाँ पनि नतिर्ने गरी निःशुल्क स्वास्थ्य बीमा गराउन कति बजेट लाग्छ भनेर अध्ययन भइरहेको जानकारी दिए ।

एमालेका अध्यक्ष केपी ओलीको गुटका रूपमा पार्टी चलेपछि विद्रोह गरेको भन्दै मन्त्री खतिवडाले भने, 'नीति नभई नेता प्रधान भएको र ओलीको टाङमुनि बस्नुपर्ने भएपछि पार्टीबाट विद्रोह गरेका हौं, ७० करोड, ओम्नी र मनोहरा कटाउँछौं भन्ने गुण्डालाई लिएर पार्टी फुटाउने योजनामा रहेको थाहा पायौं, त्यसैले विद्रोह गर्‍यौं ।'

केपी ओलीलाई केन्द्रदेखि सातवटै प्रदेशबाट सत्ताच्यूत गरेर देखाइदिएको भन्दै उनले भने, 'बालुवाटारबाट बालकोट पुर्‍यायौं, बालकोटको पनि बार्दलीमा छन्, अबको चुनावबाट ओलीलाई बार्दलीबाट बगरमा पुर्‍याइदिन्छौं ।'

अबको तीन तहकै चुनावमा नेकपा समाजवादी एमालेभन्दा ठूलो पार्टी बन्ने दाबी गर्दै मन्त्री खतिवडाले भने, 'अब एमाले राप्रपाको वैशाखी टेकेर चुनावमा जाँदैछ, हामी प्रजातान्त्रिक बाम गठबन्धन बनाएर चुनावमा जाँदैछौं, ओली अबको चुनावमा एउटा काँधमा हलो, अर्को काँधमा सूर्य र अगाडि गाई लगाएर हिँड्ने छन्, त्यसपछि देखिने छ, पार्टीको हैसियत ।'

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री भवानी खापुङले यो सरकारमा जति बसिन्छ, त्यतिञ्जेल नराम्रो काम नगर्ने प्रतिबद्धताका साथ अगाडि बढेको बताइन् ।

ले संविधानमाथि आक्रमण गरेपछि आफ्नै पार्टीको अध्यक्ष र प्रधानमन्त्रीलाई सत्ताबाट हटाएर प्रतिद्वन्द्वीलाई सरकारमा लगेको बताउँदै नेकपा समाजवादीको सफलता यो पनि रहेको बताइन् ।

# एक तिहाइ सहभागिता अनिवार्य व्यवस्था गर्न माग

**काठमाडौं/मस–** अन्तरपार्टी महिला सञ्जालले हरेक राजनीतिक दलमा महिलालाई पदाधिकारीसहित एक तिहाइ सहभागिताको व्यवस्था अनिवार्य गर्न माग गरेको छ ।

सञ्जालले निर्वाचन ऐन एवं नेपालको संविधानको पूर्णरुपमा पालना गर्न सम्पूर्ण दलको ध्यानाकर्षण गराएको छ ।

सञ्जालका अध्यक्ष कल्याणी रिजालले शुक्रबार विज्ञप्ति जारी गर्दै यतिखेर मुलुकका प्रमुख राजनीतिक दलको महाधिवेशन निकट आइरहेको सन्दर्भमा महिलाका सवाल सिंगो समाज र राष्ट्रका सवाल भएको उल्लेख गर्नुभएको छ ।

लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समृद्ध, समुन्नत र समतामूलक समाज निर्माण गर्न महिलालाई राजनीतिक दल र राज्य संरचनाका हरेक नीति निर्माण गर्ने थलोमा पुर्‍याउन अनिवार्य शर्त भएको विज्ञप्तिमा उल्लेख छ ।

संविधानको प्रस्तावना, मौलिक हकको मूल मर्म र भावनाअनुरुप राजनीतिक दल तथा राज्यका सम्पूर्ण निकायमा समानुपातिक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा सहभागिता गराइनु वाञ्छनीय हुने सञ्जालले जनाएको छ ।

लोकतान्त्रिक राज्य व्यवस्थामा राज्यका नीति निर्माण र कार्यान्वयन गर्ने कार्यमा राजनीतिक दलको भूमिका नै महत्वपूर्ण र निर्णायक हुने उल्लेख गर्दै अध्यक्ष रिजालले महिलालाई नीति निर्माण र कार्यान्वयनको अभियानमा सरिक नगराई सिंगो राष्ट्र निर्माणको काम पूरा हुन नसक्ने बताएकी छन् ।

# पाल्पा क्षेत्र नं.१ 'क' को सभापतिमा राना

**सुशीला रेग्मी/मध्यान्ह**
पाल्पा, ३ मंसिर

नेपाली कांग्रेस पाल्पा क्षेत्र नं. १ प्रदेश (क) को सभापतिमा रामबहादुर राना निर्विरोध चयन भएका छन् । कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत शुक्रबार रामपुरमा भएको प्रदेश निर्वाचन क्षेत्रको अधिवेशनले राना सभापतिमा सर्वसहमतिमा निर्वाचित भएका हुन् ।

उपसभापतिमा गोविन्दप्रसाद अर्याल (गोपाल) र भिम बहादुर सिंह ठकुरी (कृष्ण सिं), सचिवमा भेषराज पोखरेल र दानबहादुर हिस्की, सहसचिवमा घनश्याम ढुंगाना र पिताम्बर राना, खुल्ला सदस्यहरुमा अम्बर गाहा र दोवराज तिवारी, महिला सदस्यमा भगवतीदेवी खनाल निर्विरोध चयन भएका छन् । अधिवेशनमार्फत १७ जना प्रदेश प्रतिनिधी समेत चयन भएका छन् ।

खुल्लातर्फ उमनाथ अर्याल, किशोर पंगेनी, भोजराज भट्टराई, रुद्रप्रसाद अधिकारी, विजय शर्मा अर्याल, शंकरबहादुर खाँण र श्यामकान्त खनाल निर्वाचित भएका निर्वाचन अधिकृत बालकृष्ण लम्सालले जानकारी दिए । त्यस्तै खुल्ला महिलातर्फ कृष्णा शाही ठकुरी, शशीकुमारी जिसी र शारदा आचार्य, खस आर्यमा अरुण कुमार काफ्ले, जनजाति खुल्लामा गगन सिं सोती र छमबहादुर दरैं, जनजाति महिलामा जमुना राना र बालकुमारी थापा, दलिततर्फ कृष्णबहादुर दर्जी, अल्पसंख्यकमा समसुलहक मियाँ निर्विरोध चयन भएका छन् ।

नवनिर्वाचित सभापति रामबहादुर रानाले पार्टीको संगठनलाई मजबुत बनाएर सबै तहका पंक्तिलाई चलायमान बनाएर लैजाने प्रतिबद्धता जनाएका छन् ।

# मुख्यमन्त्री भट्टलाई जनप्रतिनिधिले बुझाए ज्ञापनपत्र



**तरुणा जोशी/मध्यान्ह**
बझाङ, ३ मंसिर

बझाङका जनप्रतिनिधिहरुले मुख्यमन्त्री त्रिलोचन भट्टलाई भेटेर जिल्लालाई संकटग्रस्त जिल्ला घोषणा गर्नका लागि पहल गरिदिन माग गरेका छन् ।

बाढी, पहिरोका कारण बझाङ जिल्लामा ठूलो जनधनको क्षति भएको भन्दै उनीहरुले बझाङलाई संकटग्रस्त जिल्ला घोषणा र पीडित परिवारलाई राहत, भौतिक संरचनाहरुको निर्माणका लागि ध्यानार्कषण समेत गराए ।

भेटमा मुख्यमन्त्री भट्टले सदूरपश्चिम प्रदेशमा सबै भन्दा बढी बझाङमा क्षति भएको बताउँदै प्रदेश सरकारले क्षति भएका संरचनाहरुको पुनर्निर्माणका लागि कुनै कसर बाँकी नराख्ने बताए ।

यहि मंसिर १ देखि ३ गते सम्म परेको अविरल वर्षाका कारण बझाङमा ठूलो क्षति पुगेको छ । प्रदेश प्रमुख भट्टले प्रदेश सरकारले गर्न नसक्ने विकास निर्माणका कामहरु केन्द्र सरकारलाई माग गर्ने बताए । उनले बाढी र पहिरोका कारण सुदूरपश्चिमबासीहरुले ठूलो समस्या भोग्नु परेको स्मरण गराउँदै बझाङ जिल्ला लगायत सुदूरपश्चिम प्रदेशका क्षतिग्रस्त जिल्लालाई संकटग्रस्त जिल्ला घोषणा गर्नका लागी प्रधानमन्त्री शेरबहादुर देउवासँग समेत अनुरोध गरेको बताए ।

मुख्यमन्त्री भट्टले मन्त्रिपरिषद बैठकबाट निर्णय गरी केन्द्र सरकारलाई बाढी र पहिरो संकटग्रस्त जिल्ला घोषणा गर्नका लागि पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

ज्ञापनपत्र बुझाउँदै जिल्ला समन्वय समिति बझाङका संयोजक खडक बहादुर खड्काले बाढी र पहिरोका कारण बझाङ जिल्लामा ठूलो जनधनको क्षति भएको बताउँदै बझाङ जिल्लालाई संकटग्रस्त जिल्ला धोषणा गरी बाढी पहिरो पिडितलाई उचित राहत, बस्ती स्थानान्तरण, क्षतिग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माण गर्न एकिकृत प्याकेजका रुपमा कार्यक्रम अगाडी बढाउन जोड दिए ।

उनले संघीयता आइसकेपछि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भू- तथा जलाधार कार्यालय, शहरी विकास कार्यालय र नदी नियन्त्रण कार्यालयहरु जिल्ला बाहिर रहेकाले र जनतालाई काम गर्न समेत असहज हुँदै गएको बताए ।

ती कार्यालयहरु बझाङ जिल्लामा स्थापना गर्न समेत उनले माग गरे । उनले जिल्लामा भएका क्षतिको बारेमा १८ बुँदे मागपत्र समेत मुख्यमन्त्री भट्टलाई बुझाएका छन् । बझाङ जिल्ला समन्वय समिती संयोजक खडक खड्काको नेतृत्वको टोलीमा जिल्लाको १२ वटै स्थानीय तहका प्रमुख, राजनीतिक दलका प्रतिनिधि, बझाङ जिल्लाबाट प्रतिनिधत्व गर्ने प्रदेशसभा सदस्यहरुको उपस्थिति रहेको थियो ।

# बढ्यो चिसो, औषतभन्दा कम तापक्रम

**काठमाडौं/मस–**देशका अधिकांश क्षेत्रमा पछिल्लो केही दिनयता अधिकतम तापक्रम औषतभन्दा कम देखिएको छ । जल तथा मौसम विज्ञान विभागको अभिलेखानुसार जाडो शुरु हुँदैगर्दा तापक्रम घट्नु स्वभाविक भएपनि पछिल्लो केही हप्ता ३० वर्षको औषत तापक्रमभन्दा कम हुँदा सर्वसाधारणले बढी चिसो महसुस गरेका छन् ।



एक्कासि चिसो बढ्दा बालबालिका तथा वृद्धवृद्धाको स्वास्थ्यमा असर पुग्नसक्ने हुँदा सावधानी अपनाउन समेत आग्रह गरिएको छ ।

अक्टोबर तेस्रो हप्तापछि गण्डकी र लुम्बिनी प्रदेशका केही जिल्लाबाहेक अन्य प्रदेशमा अधिकतम तापक्रम सरदरभन्दा कम देखिएको विभागका वरिष्ठ मौसमविद् डा.इन्दिरा कँडेलले बताइन् । योबीचको समयमा कुनै दिन काठमाडौंमा दुई डिग्रीसम्मै तापक्रम घटेको छ । नोभेम्बर लागेपछि काठमाडौंमा न्यूनतम तापक्रम पनि घटेको उनले बताइन् । विराटनगर, धनकुटा, धरान ओखलढुंगा, जिरीमा न्यूनतम तापक्रम पनि घटेको छ । अधिकतम तापक्रम दिनमा र न्यूनतम तापक्रम रातमा मापन हुन्छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखरेलले अब पुनः जाडो तथा सुक्खायाममा हुने विपद् जन्य घटना बढ्ने सम्भावना बढ्दै जाने बताए । तापक्रम घट्दै जाँदा मानिसले आगो बालेर ताप्ने, घरमा आगो बालेर छाड्नेलगायत क्रियाकलाप हुने र त्यसबाट आगलागीको सम्भावना बढ्नसक्नेतर्फ सचेत हुनुपर्ने जनाइएको छ । उनले आगलागी तथा डढेलोका घटनाहरु घट्न थालिसकेको बताए ।

औषतभन्दा तापक्रम घट्ने क्रम काठमाडौं उपत्यकामा गएको अक्टोबर तेस्रो हप्तादेखि नै शुरु भएको हो । मुख्यतः उपत्यकामा भने अक्टोबर २६ बाट अधिकतम तापक्रम औषतभन्दा कम देखिँदै आएको छ । पछिल्लो समयमा भने न्यूनतम तापक्रमसमेत औषतभन्दा कम देखिन थालेको वरिष्ठ मौसमविद् डा.कँडेलले बताइन् । हाल पोष्ट मनसुनकै समयमा चलिरहेकाले जाडोयामको आँकलन आउन बाँकी नै छ । आइतबारदेखि मौसम सुधार हुने देखिएकाले तापक्रम केही बढ्ने मौसमविद्को अनुमान छ ।

UAE को SEMI GOVT. कम्पनीमा महिला र पुरुष PSBD Security Guard हरुको लागि रोजगारको अवसर

शनिबार पनि कार्यालय खुला रहने छ ।

कम्पनी: HEMAYA SECURITY SERVICES LLC, DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०७/२२ चलानी नं.: ६०१६६९०१ L.T. No.: 250104 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 100 | 25 | स. काममा दक्ष | 2000 | ६४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

• अन्तर्वार्ता मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा, बसुन्धारा ब्याक्वेटमा र स्वस्तिक कटेज, बाँके, नेपालगञ्जमा २०७८ मंसिर ४ गते (20 Nov. 2021) मा हुनेछ । • अन्तर्वार्ता होटेल मेरिडियन, राम मन्दिर लाइन, बुटवल, रुपन्देहीमा, मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा र बसुन्धारा ब्याक्वेटमा र होटल इन टुरिष्ट, इटहरी, सुनसरीमा २०७८ मंसिर ५ गते (21 Nov. 2021) मा हुनेछ । • अन्तर्वार्ता मेनपावर कार्यालय, रानीबारी चोक, सामाखुसीमा, बसुन्धारा ब्याक्वेटमा र सी.पी. होटेल, बिर्तामोड, झापामा २०७८ मंसिर ६ गते (22 Nov. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

PSBD को हकमा Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १३२४/०७४/०७५

STARIS HR SERVICES PVT. LTD.
Samakhusi-26, Kathmandu, Tel.: 01-4381145, 4365203
Contact No: 9851320076, 9851176848, 9851172289, 9841669779
9801458705, 9818414783, 9801139394, 9858022551,
9855019595, 9827163906

साउदीमा रोजगार | १. कम्पनीः LAUNDRY TASTE CREATIVITY FOR CARS शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०८/०३ चलानी नं.: ६०१६८१२५ L.T. No.: 251313

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Washing Lubrication Labor | 4 | 0 | स. काममा दक्ष | 1200 | ३७,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः AL-AYED CONTRACTING EST. GENERAL TRADERS & CONTRACTORS शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७८/०८/०३ चलानी नं.: ६०१६८१५५ L.T. No.: 251098

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 5 | 0 | स. काममा दक्ष | 1800 | ५६,८६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ११ गते (27 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No 1061/073/74

Guideline Recruitment Service Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Tel.: 4389497
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

कतारमा रोजगार | १. कम्पनी : HLETTAN CONTRACTING शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०८/०२ चलानी नं.: ६०१६७९१८ LT. No.: 250710

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gypsum Technician | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1700 | ५५,६०५ | | | | | | | |
| 3. | Plaster Worker | 2 | 0 | | 1300 | ४२,५२५ | | | | | | | |

२. कम्पनी : AL MISNAD SERVICES शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०८/०३ चलानी नं.: ६०१६८१६९ LT. No.: 251222

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 50 | 0 | स. काममा दक्ष | 1000 | ३२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ११ गते (27 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ५२४/०६१/०६२

फ्रेण्डसिप ईन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
सामाखुसी, काठमाडौं, नेपाल फोनः ४३८७४९९, ४३६२६६२
मोः ९८०३१४८०२१, ९७४१८७५४३६ । Email: hrfriendship1@gmail.com

कतारमा रोजगार | कम्पनीः HASH RESTAURANT शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०८/०२ चलानी नं.: ६०१६८१६६ LT. No.: 250861

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 1 | 0 | स. काममा दक्ष | 2000 | ६५,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ११ गते (27 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

